लेखापरीक्षण प्रतिवेदन

नार्पा भूमि गाउँपालिका, मनाङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

नार्पा भूमि गाउँपालिका, मनाङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/14

श्रीमान अध्यक्षज्यू,

नार्पा भूमि गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, मनाङ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/14

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान अध्यक्षज्यू ,

नार्पाभूमि गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय

मनाङ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाट पेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. त्यस गाउँपालिकाको लेखापरीक्षणबाट रु.७७ लाख ६४ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.११ लाख ८ हजार संपरीक्षण भई नियमित गर्नुपर्ने रु.६६ लाख ५५ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.६ करोड २५ लाख ५६ हजारमध्ये रु. १६ लाख ७६ हजार फर्स्योट भई यस वर्षको थपसमेत हालसम्मअद्यावधिक बेरुजू रु.६ करोड ७५ लाख ३५ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले त्यस पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारीलेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामीस्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा-लेखापरीक्षणबाट ऐननियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथाअनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत त्यस पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

आश्वस्तता प्रदान गरेको हुन्छ।लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्यप्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट संपरीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या				दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम		सैद्धान्तिक	लगती	रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
४९	११	७७,६४,४३१	०	७	११,०८,५३७	०	४९	४	६६,५५,८९४	०	६६,५५,८९४	०	०	०	६६,५५,८९४	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
मनाङ	६२५५६२८७	०	१६७६४३१	६०८७९८५६	०	६६५५८९४	६७५३५७५०

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिकवर्ष	बेरुजुको बेहोरा	सम्परीक्षण भएको रकम

प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट संपरीक्षण भएको			
१	२०८१/८२	विज्ञापन बोर्ड दस्तुर	७,६३२
२	२०८१/८२	प्रमाणपेश नगरेकोः	७२,०००
३	२०८१/८२	नार गाउँलघुजलविद्युत आयोजना	१९,२२१
४	२०८१/८२	कर्मचारीप्रोत्साहन भत्ताः-	१००९६८४
		जम्मा	१,१०८,५३७
गतविगत आर्थिक वर्षहरूको संपरीक्षण			
५	२०८०/८१	विद्यालय भन्दा फरक स्थानको विद्यार्थीको खर्च	२०१०००
६	२०८०/८१	पुँजिगततर्फ	२१९५१४
७	२०८०/८१	आन्तरिक लेखापरीक्षणको व्यहोरा:	१००७३७
८	२०७९/८०	दोहोरो सुविधा	२८८०००
९	२०७८/७९	विल भरपाई	६५,०००
१०	२०७७/७८	बिल भरपाई वेगर खर्च	३०,४२०
११	२०७७/७८	करविजक	३१००००
१२	२०७७/७८	आनुपातिक कट्टी	१०,७२२
१३	२०७५।७६	महेश पाख्रिनले बिल भरपाई बेगर भुक्तानि लिएको रकम असुलगरी दाखिला भौचर पेश भई फस्यौंट	३७४
१४	२०७५।७६	मुखिया वि.क.लाई पोशाक भत्ता बढी भुक्तानि रकम असुल गरी दाखिला भौचर पेश भई फस्यौंट	५०००
१५	२०७५।७६	विषराम परियारलाई भ्रमण खर्च बढी भुक्तानि रकम असुल गरी दाखिला भौचर पेश भई फस्यौंट	२४०
१६	२०७५।७६	विषराम परियारको बढी स्थानीय भत्ता रकमअसुल गरी दाखिला भौचर पेश भई फस्यौंट	७५८
१७	२०७५।७६	मेघाविद्युतिकरण योजनाको कर कट्टि बिना भुक्तानि रकम असुल गरी दाखिला भौचर पेश भई फस्यौंट	५५०८३
१८	२०७६।७७	राजु गरुङको ६ महिना करार नियुक्ति नपुगि लिएको पोशाक भत्ता रकम असुल गरी दाखिला भौचर पेश भई फस्यौंट	१७५००
१९	२०७६।७७	४६ कर्मचारीहरुको पोशाक भत्ता बढी भुक्तानि रकम मध्ये (२५ जना) असुल गरी दाखिला भौचर पेश भई फस्यौंट	६२५००
२०	२०७६।७७	केन्जो तेन्जिङ लामा कार्यक्रम भत्ता रकम असुल गरी दाखिला भौचर पेश भई फस्यौंट	२९७५
२१	२०७६।७७	प्रकाश विश्वकर्माको ढुवानी कर रकमअसुल गरी दाखिला भौचर पेश भई फस्यौंट	२६००
२२	२०७६।७७	मिङमाछिरिङ लामाबाट कार्यक्रममा अनुपस्थित व्यक्तिहरुले लिएको कार्यक्रम भत्ता रकम असुल गरी दाखिला भौचर पेशभई फस्यौंट	५९५०
२३	२०७६।७७	सोनामतेजे लामा असान्दर्भिक भ्रमण खर्च रकम असुल गरी दाखिला भौचर पेश भई फस्यौंट	२२५००

२४	२०७६।७७	महेश पाखिन भ्रमण स्वीकृत बेगर भ्रमण रकम असुल गरी दाखिला भौचर पेश भई फस्यौंट	५७२०
२५	२०७६।७७	सुनिता विश्वकर्मा जिल्ला बाहरि जाँदा १०% भ्रमण भत्ता रकम भुक्तानि असुल गरी दाखिला भौचर पेश भई फस्यौंट	६३०
२६	२०७६।७७	विकासबाबु बरामले जिल्ला बाहरि जाँदा १०% भ्रमण भत्ता रकम भुक्तानि असुल गरी दाखिला भौचर पेश भई फस्यौंट	१२६०
२७	२०७६।७७	श्रीराम यादवको प्रतिवेदन र कार्यक्रम समिक्षा बढी भुक्तानि भएको रकम असुल गरी दाखिलाभौचर पेश भई फस्यौंट	१७२४५
२८	२०७६।७७	विषराम परियार बढी भुक्तानि रकम असुल गरी दाखिला भौचर पेश भई फस्यौंट	३२६८९
२९	२०७६।७७	अमित सापकोटा बढी भुक्तानि रकम असुल गरी दाखिला भौचर पेश भई फस्यौंट	१८७८७
३०	२०७६।७७	करार सेवामा कार्यरत सुनिताविश्वकर्मा सुत्केरीभत्ता भुक्तानि बापतको रकम असुल गरी दाखिला भौचर पेश भई फस्यौंट	५०००
३१	२०७६।७७	उज्वल बास्तोलाले अन्य भत्ता लिएको बखत स्थानीय भत्ता रकम भुक्तानि असुल गरी दाखिला भौचर पेश भई फस्यौंट	६८८८
३२	२०७६।७७	विरेन्द्रसिंह बोहोरा बढी भुक्तानि पोशाक भत्ता रकम असुल गरीदाखिला भौचर पेश भई फस्यौंट	१७५००
३३	२०७६।७७	महेश पाखिन को दुर्गम क्षेत्रभन्दा बाहिर १०% भत्ता रकम असुल गरी दाखिला भौचर पेश भई फस्यौंट	१०००
३४	२०७६।७७	कर्णछ्योटे लामाको असम्बन्धित अनुगमन रकम असुल गरी दाखिला भौचर पेश भई फस्यौंट	६२५०
३५	२०७६।०७७	समायोजन प्रमाण	१६२५९०
जम्मा			१६७६४३१
कुलजम्मा			२७८४९६८

नार्पा भूमि गाउँपालिका, मनाङ

(८०४४०५०२३००)

नार्पा भूमि गाउँपालिका , मनाङ

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार स्थानीय नेतृत्वको विकास र स्रोत साधनको परिचालन मार्फत स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारणी तथा न्यायिक अभ्यास संस्थागत गर्नको लागि यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले गर्ने काममा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु उद्देश्य रहेको छ। यस गाउँपालिका अन्तर्गत ५ वडा, २३ सभा सदस्य, ८३७.५४ वर्ग किलोमिटर क्षेत्रफल र जम्मा जनसंख्या ३९६ रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।०२ देखि २०८२ ।०५।०६ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय-व्ययतर्फ रु.३२ करोड ४२ लाख ७२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ

। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा रु.३४७३० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आय व्यय**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०८१।०८२ को प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) निम्न बमोजिम रहेको छ।

आर्थिक वर्ष २०८१।८२					
एकिकृत आर्थिक विवरण					
प्राप्ति			**भुक्तानी**		
विवरण	**रकम**	**रकम**	**विवरण**	**रकम**	**रकम**
सुरु मौज्दात		**१२६३९९५८९।४७**	**चालु खर्च**		**५५४४५०९४।५७**
१.संचित कोष	११८१७०२९२।४२		१. पालिका तर्फ	४,२०,१८,९८०.९४	
२.धरौटी	४०५७५५८।०८		२. संघीय सशर्त	१,३४,२६,११३.६३	
३.कार्यसञ्चालन कोष	४१७१७३८।९७		३. संघीय विशेष		
४. अन्य कोष			४. प्रदेश सशर्त		
यस वर्षको आय			५. प्रदेश विशेष		
१.आन्तरिक आय	**२६३२०६३।५**	**२६३२०६३।५**	**पुँजीगत खर्च**		**७२१९९०५२।४४**
२. वित्तीय हस्तान्तरण (संघ)		**१४९०२५७००।४४**	१. पालिका तर्फ	५९३८१३३७।४४	
क) समानीकरण अनुदान	६३९५६७२०		२. संघीय सशर्त	२५,९५,७२५.००	
ख) राजस्व बाँडफाँट	४१८६३७००।४४		३. संघीय विशेष	६३,१९,०९०.००	
ग) सशर्त अनुदान	३६६९९२८०		४. संघीय समपुरक		
घ) समपुरक अनुदान			५. प्रदेश सशर्त		
ङ) विशेष अनुदान	६५०६०००		६. प्रदेश विशेष		
च) रोयल्टी			७. प्रदेश समपुरक	३९,०२,९००.००	
छ) अन्य			**अन्तर सरकारी अख्तियारी (संघ)**		
३. वित्तीय हस्तान्तरण (प्रदेश)		**११८३९८०१।७**	क) सामाजिक सुरक्षा	**४४६१५७६**	**४४६१५७६**
क) समानीकरण अनुदान	२५८९०००		ख) गरिबसँग विशेश्वर कार्यक्रम		
ख) राजस्व बाँडफाँट	३३४७९०१।७				
ग) सशर्त अनुदान	२००००००		**अन्तर सरकारी अख्तियारी (प्रदेश)**		
घ) समपुरक अनुदान	३९०२९००		**ऋण फिर्ता(साँवा)**		
ङ) विशेष अनुदान			**ऋणको ब्याज भुक्तानी**		
च) रोयल्टी			**धरौटी फिर्ता तथा सदर स्याहा**	**४२४१५८।५४**	**४२४१५८।५४**

छ) अन्य			**कार्यसञ्चालन कोषबाट भएको खर्च**		
४. अन्तर सरकारी अख्तियारी (संघ)			**अन्य कोषबाट भएको खर्च**		
क) सामाजिक सुरक्षा	४४६१५७६	४४६१५७६	**गैरसरकारी संस्थाबाट सञ्चालित योजना**		
ख) गरिबसँग विशेश्वर कार्यक्रम			**अन्य सहयोगमा सञ्चालित योजना**		
…………..			**अन्य खर्च भएमा**		
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)			**अनुदान फिर्ता**		२२८६४३५१।३७
६. ऋण/ वित्तीय व्यवस्था			१. संघ तर्फ		
७. धरौटी आय	५६१५५३	५६१५५३	क) सशर्त अनुदान	२०६७७४४१।३७	
८. कार्यसञ्चालन कोष आय			ख) विशेष अनुदान	१८६९१०	
९. अन्य कोषको आय	२२९६५३।८३	२२९६५३।८३	ग) समपुरक अनुदान		
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना			२. प्रदेश तर्फ		
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना			क) सशर्त अनुदान	२००००००	
१२. अन्य आय भएमा	१२८०६६	१२८०६६	ख) विशेष अनुदान		
			ग) समपुरक अनुदान		
			अन्तिम मौज्दात		१३९८८३७७१।०२
			१. संचित कोषको मौज्दात	१३१२८७४२५।६८	
			२. धरौटी	४१९४९५२।५४	
			३. कार्यसञ्चालनकोष	४१७१७३८।९७	
			४. अन्यकोष	२२९६५३।८३	
जम्मा	२९५२७८००३।९४	२९५२७८००३।९४	**जम्मा**	२९५२७८००३।९४	२९५२७८००३।९४

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **बित्तीय बिवरणमा समावेश नभएको कारोवार**

गाँउपालिकाको सबै प्रकारका आम्दानी र खर्च वित्तीय विवरणमा समावेश गरिनुपर्दछ । गाँउपालिकाले पेस गरेको वित्तीय विवरणमा सामाजिक सुरक्षा तथा संरक्षण समावेश नभएको खर्च निम्न बमोजिम छ ।

सि नं	खर्च शिर्षक	बजेट	निकासा खर्च
१	सामाजिक सुरक्षा तथा संरक्षण	४४६१५७६	४४६१५७६
	जम्मा	४४६१५७६	४४६१५७६

४ बजेट निर्माण

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ उपदफा (२) मा बार्षिक राजश्व र व्ययमा गत आर्थिक बर्षको राजस्व र व्ययको यथार्थ विवरण, चालु आर्थिक बर्षको अन्तिम सम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान तथा आगामी आर्थिक बर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनुपर्ने व्यवस्था छ। पालिकाले गत आर्थिक वर्षको संचित कोष बाँकी यस वर्ष जिम्मेवारी सारेको रकम रु ११८१७०२९२.४२ रहेको छ ।पालिकाको आन्तरिक आम्दानी २६३२०६३.५ को साथै संघ तथा प्रदेश तर्फको अनुदान रु १६,०८,६५,५०२.१४ बजेट प्राप्त भएको छ । यसरी पालिकाको जम्मा आय व्ययको अनुमानित बजेट निर्माण रकम रु २८,१६,६७,८५८.०६ हुनु पर्नेमा पालिकाले जम्मा रकम रु २०,२३,४४,००० को मात्र बजेट निर्माण गरेको पाइयो। यसरी पालिकाले बाँकि रु ७,९३,२३,८५८.०६ लाई आय व्यय अनुमानमा समावेश गरेको छैन । यस्तो कार्यको बजेटको सिद्धान्त विपरित देखिन्छ।पालिकाले गत वर्षको जिम्मेवारी र यस वर्षको सवै प्रकारको आम्दानी आय व्यय अनुमानमा समावेश गरी बजेट तर्जुमा र स्वीकृत गर्नुपर्दछ ।

५ बजेट विनियोजन

आर्थिक वर्ष २०८१/०८२ को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको छ:

कुल बजेट	चालु बजेट रु.	प्रतिशत	पूँजीगत बजेट रु.	प्रतिशत
२०२३४४०००	९१८६८०००	४५.४	११०४७६०००	५४.६

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु.२०२३४४०००/- बजेट विनियोजन भएकोमा चालु तर्फ रु. ९१८६८०००/- अर्थात ४५.४ प्रतिशत र पूँजीगत तर्फ रु.११०४७६०००/- अर्थात ५४.६ प्रतिशत बजेट विनियोजन भएको छ ।

६ बजेट तथा कार्यक्रम

६.१ बजेट तथा पूँजीगत खर्चः

यस गाउँपालिकाकोआर्थिक वर्ष २०८१/८२ को बजेट र पूँजीगत खर्चको अवस्था देहाए बमोजिम रहेको छ:

सि नं	आर्थिक वर्ष	बजेट	पूँजीगत खर्च	पूँजीगत खर्चको प्रतिशत
१	२०८१।८२	११०४७६०००	७२१९९०५२.४४	६५.३५

पालिकाले यस वर्ष पूँजीगत तर्फ रु.११०४७६००० विनियोजन गरेकोमा रु.७२१९९०५२.४४ खर्च गरेको छ जुन ६५.३५प्रतिशत मात्र हुन आउँछ । पूँजीगत खर्च क्षमतामा वृद्धी गर्नुपर्दछ ।

६.२ बजेट तथा चालु खर्च:

यस गाउँपालिकाकोआर्थिक वर्ष २०८१/८२ को बजेट र चालु खर्चको अवस्था देहाए बमोजिम रहेको छ ।

सि नं	आर्थिक वर्ष	बजेट	चालु खर्च	चालु खर्चको प्रतिशत
१	२०८१।८२	९१८६८०००	५५४४५०९४.५७	६०.३५

पालिकाले यस वर्ष चालु तर्फ रु.९१८६८०००विनियोजन गरेकोमा रु.५५४४५०९४.५७ खर्च गरेको छ जुन ६०.३५प्रतिशत हुन आउँछ।बजेट खर्चमा विनियोजन दक्षता कायम गर्नुपर्ने देखिन्छ।

७ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन

नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

८ **बैङ्क हिसाब विवरण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण खाता ग ४.१ स्थानीय तह सञ्चित कोष खाताको स्रेस्ता अनुसार रु. १३११५४१८९.४६ देखाएकोमा बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको अन्त्यमा रु. १३१२८७४२५.६८ देखिएकोले बैङ्क स्टेटमेन्ट भन्दा स्रेस्तामा रु. १३३२३६।२२ कम देखिएको छ। ऐनमा उल्लिखित व्यवस्था बमोजिम हिसाव मिलान गर्नुपर्दछ ।

९ **बढी जिम्मेवारी सारेको**

गाँउपालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको यस आर्थिक वर्षको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट निकाय) गत आर्थिक वर्षको वाँकी रु. १२,४८,९९,५८९.४७ मौज्दात रहेकोमा यो आर्थिक वर्षको शुरुमा रु. १२,६३,९९,५८९.४७ जिम्मेवारी सारेको छ । गत आवको सुत्रमा देखाएको भन्दा बढी जिम्मेवारी सारेको रु. १५००००० सम्बन्धमा यकिन गरी बढी जिम्मेवारी सार्नुको कारण पेश गर्नु पर्दछ ।

१० **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्रीको मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा हाल सम्म गरेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिअन्तर्गत सुत्रको प्रयोग गरी वडा कार्यालयबाट र पालिकाबाट संकलन हुने सबै राजस्व सुत्र मार्फत कारोबार गरि बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न सम्झौता गरेका उपभोक्ता समिति पालिकामा दर्ता गरेको पाइएन ।

• पालिकाले २०८१।८२ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाबाट सञ्चालित कार्यक्रमहरु अनुउत्पादक क्षेत्र र वितरणमुखि हुने गरेको साथै कार्यक्रमको लागत विश्लेषण नगरि खर्च गर्ने पद्धति रहेको ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको आयोजना बैंक खडा गरेको देखिएन ।

• पालिकामा दिगो बिकास लक्ष्य (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई स्थनीयकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता हालसम्म पनि अध्यावधिक गरेको पाईएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता हालसम्म पनि अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा कार्यान्वन भएको पाईएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा अधिकांश पालना भएको पाईएन।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• निर्माण कार्यको लागत अनुमान तयार गरेको जनाएकोमा केही निर्माण कार्यको श्रेस्तासँग लागत अनुमान तथा दर विश्लेषण साथमा संलग्न गरेको पाईएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वाशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

११ **आन्तरिक लेखापरीक्षण:**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ उपदफा ३ मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्यप्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था छ । यस वर्ष पालिकाले आर्थिक वर्षको आन्तरीक लेखापरिक्षण गराएको छैन । आन्तरिक लेखापरिक्षणको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्नेतर्फ ध्यान दिनुपर्दछ।

१२ **योजना तर्जुमा, बजेट तथा कार्यक्रम;-**

१२.१ **बजेट सिमा निर्धारण समिति:-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको भएतापनि ऐनमा व्यवस्था भए अनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

१२.२ **त्रैमासिक खर्च:-** आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनूसूचि २ बमोजिम ढाँचामा त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र नियम ३६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन प्रगति समिक्षा गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	**कुल खर्च**	**त्रैमासिक खर्च**				
		प्रथम त्रैमासिक	**दोस्रो त्रैमासिक**	**तेश्रो त्रैमासिक**	**चौथो त्रैमासिक**	**आषाढ महिना**
पूँजिगत खर्चतर्फ	७,२१,९९,०५२।४४	२,५०,०००।००	१०,३२,४००।००	२२,२९,३९७।००	६,८६,८७,२५५।००	६,४०,९६,२७३।७४
प्रतिशत	१००।००	०।३५	१।४३	३।०९	९५।१३	८८।७८

पालिकाको कुल पूजिगत खर्च रु ७ करोड २१ लाख ९९ हजार रहेकोमा जसको ९५।१३ प्रतिशत अर्थात ६ करोड ८६ लाख ८७ हजार अन्तिम त्रैमासिकमा खर्च भएको छ जसमा असार महिनामा मात्र रु ६ करोड ४० लाख ९६ हजारको खर्च भएको देखिन्छ । यसरी आर्थिक वर्षको अन्तमा ठूलो रकम खर्च गर्दा अनुगमन निरीक्षणमा कमी हुने, वर्षान्तमा हतारमा काम गराउदा कामको गुणस्तरमा असर पर्ने जस्ता समस्या हुने भएकोले स्वीकृत कार्यक्रम अनुसार सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

१२.३

क्षेत्रगत बजेट र खर्चः- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	४३,४२,०००।००	१०,४७,६२६।००	०।८२
पूर्वाधार विकास क्षेत्र	८,८३,५६,०००।००	५,८०,१५,९१३।०८	४५।४६
सामाजिक क्षेत्र	२,७५,२०,०००।००	१,२६,६६,२४५।८३	९।९२
संस्थागत विकास, सेवा प्रवाह र सुशासन	१७,३४,०००।००	८,४७,८४५।००	०।६६
अन्य कार्य सञ्चालन तथा प्रशासनिक खर्च	८,०३,९२,०००।००	५,५०,६६,५१७।१०	43।१४
जम्मा	२०,२३,४४,०००।००	१२,७६,४४,१४७।०१	१००।००

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ को कूल खर्च मध्ये सबैभन्दा बढी पूर्वाधार विकास क्षेत्र ४५।४६ प्रतिशत र सबै भन्दा घटी संस्थागत विकास, सेवा प्रवाह र सुशासन ०।६६ प्रतिशत खर्च भएको छ। मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ ।

१२.४ **खर्च बिश्लेषणः-** पालिकाले यस बर्ष आफ्नो आम्दानीमा आन्तरिक आयबाट रु २६,३२,०६३।५० राजस्व बाँडफाँडबाट रु ४,५२,११,६०२।१४ र अनुदानबाट रु ११,५६,५३,९००।०० समेत गरी कुल जम्मा रु १६,३४,९७,५६५.६४ आम्दानी भएकोमा चालु तर्फ रु. ५,५४,४५,०९४।५७ र पूँजिगत तर्फ रु. ७,२१,९९,०५२।४४ गरी कुल रु.१२,७६,४४,१४७।०१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २।०६ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु. ५७,४७,४२३।०० खर्च भएको छ जुन आन्तरिक आय भन्दा २।१८ गुणा बढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ३३।९१ प्रतिशत चालु र ४४।१५ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसरी पालिकाले प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

१२.५ **योजना र कार्यान्वयनः–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा बजेट छुट्याएको अवस्था छ । यस वर्ष उपभोक्ता समितिमार्फत काम भएका योजनाहरु देहायअनुसार छन्:

क्र.स.	कार्यक्रम	योजना सङ्ख्या	रु ५ लाख भन्दा कमका योजना	रु ५ लाख देखि २० लाख सम्मका योजना	रू २० लाख भन्दा माथिका योजना
१	पालिकास्तरिय	१८	२	१४	२
२	वडास्तरिय	५४	६	४७	१

साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।

१३ **कानून निर्माण एवं कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म १७ वटा ऐन, ९ वटा नियमावली, २२ वटा कार्यविधि, लगायत कानुन निर्माण गरेकोमा कार्यान्यिनलाई प्रभावकारी बनाई सेवा प्रवाहमा सुधार गर्नुपर्दछ।

१४ **सेवा प्रवाहः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष देहाय अनुसारको सेवा प्रवाह गरेको देखियो । पालिकाले सम्वन्ध विच्छेद, बसाईसराई, पञ्जीकरण दर्ता तथा सिफारिस पारिवारिक लगतको अभिलेख आदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति कानून तथा मापदण्ड समेत वनाएको छैन । ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

विवरण	**सिफारिस भएको संख्या**
जन्मदर्ता	११
मृत्युदर्ता	३
बसाईसराई दर्ता	२
विवाह दर्ता	७
सम्बन्धविच्छेद दर्ता	२
घर नक्शापास सिफारिस	०
पूर्वाधार विकास सडक निर्माण	०
जम्मा	२५

१५ **सम्पत्ति उपयोग र संरक्षण:-**

१५.१ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः-** स्थानीय सरकार सञ्चाधल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ: स्थानीय सरकार सञ्चागलन ऐन, २०७४ को दफा ९७, वन क्षेत्रको जग्गा प्रयोगको सन्दर्भमा प्रचलित वन कानुन अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि नेपाल सरकारको निर्णय र स्थानीय तहले निजी जग्गा प्राप्ति गर्नुपरेमा जग्गा प्राप्ति ऐन, २०३४ अनुसार स्थानीय तहले सरकारी जग्गा संरक्षण, वन क्षेत्रको जग्गा प्रयोग गर्ने तथा निजी जग्गा प्राप्ति गर्ने व्यवस्था छ । उपर्युक्त कानुनी व्यवस्था बाहेक अन्य प्रकृयाबाट गरिने सरकारी सम्पत्तिको हक हस्तान्तरण बेचविखन, वितरण र उपयोग जस्ता निर्णय कार्य प्रचलित कानुन विपरित हुने र उल्लेखित प्रकृया बेगरको निर्णय कार्यान्वयन नगर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु र अभिलेख राख्नु पर्दछ ।

१५.२ **सम्पत्ति लेखांकनः-** गाउँपलिका र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गरेको छैन । विगतका सरकारी कार्यालय साविक गाउँपालिकामा समायोजन भै आएका भौतिक सम्पत्तिहरु गाउँपालीकाको एकिकृत जिन्सी खातामा अभिलेख राखेको छैन जसले गर्दा गाउँपालीकाको यथार्थ सम्पत्तीको अवस्था मूल्याङ्कन गर्न सकिएन । कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकनलाई सुदृढ गर्नुपर्ने देखिएको छ ।

१५.३

घरजग्गाको लगतः- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ बमोजिम प्रत्येक कार्यालयले कार्यालय बसेको सरकारी घर जग्गा तथा कार्यालय अन्तर्गतको सरकारी घर जग्गाको लगत महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्दछ । त्यस्तो घर जग्गा आफ्नो नाममा वा जिल्ला प्रशासन कार्यालय वा अन्य कुनै कार्यालयको नाममा मालपोत कार्यालयमा दर्ता भई जग्गाधनी प्रमाण पूर्जा प्राप्त भएको छ वा छैन बुझ्नु पर्नेछ र त्यसरी बुझ्दा दर्ता र जग्गाधनी प्रमाण पूर्जा तयार नभए कानून बमोजिम कार्यालयको नाममा दर्ता गराउनु पर्ने व्यवस्था छ । कार्यालयले सो सम्वन्धि विवरण समेत उपलव्ध नगराएकोले विष्लेषण गर्न सकिएन ।कार्यालयले गाउँपालिकाको नाममा रहेको तथा प्राप्त सवै जग्गाको जग्गाधनी पूर्जा बनाउनु पर्दछ भने गाउँपालिकाको संरक्षक रहेका नेपाल सरकारको जग्गाको व्यवस्थित अभिलेख राखी व्यक्तिको नाममा नामसारी तथा अतिक्रमण हुनु नदिने तर्फ गाउँपालिका जिम्मेवार हुनु पर्दछ ।

१६ संगठन तथा कर्मचारी व्यवस्थापन

१६.१ **प्रशासकिय संगठन र कर्मचारी व्यवस्थापनः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित पालिकाको कुल ५३ कर्मचारी दरबन्दी रहेकोमा २०८२।०३।३१ सम्म २५ जना दरबन्दी स्थायी पदपूर्ति भई २८ पद रिक्त रहेको छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख, इन्जिनियर,लेखा अधिकृत, प्राविधिक र वडा सचिव सहितका पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

१६.२ **कर्मचारी व्यवस्थापनः** पालिकाले कर्मचारी व्यवस्थापन सङगठनको उद्देश्य अनुसार पद सोपानिक तरिकाले व्यवस्थापन गर्नुपदछ । सङगन तथा व्यवस्थापन सर्वेक्षण मार्फत गाउँपालिकाको समग्र कर्मचारीको दरवन्दी निर्धारण गरि वडा स्तरमा रहने पदको व्यवस्था गर्नुपर्नेमा यस पालिकाले वडा कार्यालयमा वडा छैटौ स्तरको दरबन्दी नै नरहि वडा सचिवको रुपमा अधिकृत छैटौ रिता शर्मालाई जिम्मेवारी दिएको छ। दरबन्दी नहरेको स्थानमा जिम्मेवारी दिनु र पद अनुसारको जिम्मेवारी तोक्नुपर्ने बिषयमा पालिकाले कर्मचारी व्यवस्थापन सुधार गर्नु पर्दछ ।

१६.३ **करार कर्मचारी व्यवस्थाः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, बगैंचे, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार माली र सरसफाइ सम्बन्धी लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित विभिन्न पदहरुमा कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता बापत रु ३५,८१,६०१।०० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्यमा नियन्त्रण गरिनु पर्दछ।

१६.४ **कर्मचारी कल्याण कोषः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कानून बनाउनु पर्नेमा कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन। कोषको सञ्चालन सम्बन्धी कानुनको व्यवस्था गरी कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी भविष्यको दायित्व पूर्तिको लागि स्रोतको व्यवस्था गर्नुपर्दछ।

१७ नयाँ लघु उद्यमीको सिर्जना

नयाँ लघु उद्यमीको सिर्जना कार्यक्रम लघु उद्यम विकास (मेड) मोडेल सम्भाव्य बजार, उद्यमीहरूको माग र उद्यम विकासको सम्भावनाको आधारमा उद्यम विकास गरिने अवधारणामा आधारित छ । यस मोडेल अनुसार कुनै पनि क्षेत्रमा उद्यम विकास गर्नका लागि तीनवटा पक्षहरूको विश्लेषण गरिनु पर्छ, जस अन्तर्गत लक्षित समूहको चाहना, उनीहरूको चाहना बमोजिमको उद्यमको लागि

आवश्यक स्रोतको स्थानीय स्तरमै उपलब्धता र सम्भावित उद्यमबाट उत्पादन हुने वस्तुको बजारको सम्भाव्यता पर्दछन्।यस अवधारणामा मुख्य गरी बजार मागको अवस्थालाई विश्लेषण गरी बजारको सुनिश्चतताको आधारमा मात्र उद्यम विकासको लागि थप प्रक्रियाहरू प्रदान गरिन्छ । उद्यम विकासका लागि उद्यमीहरूको माग, बजार सम्भाव्यता, कच्चा पदार्थमा आधारित रहेर उद्यम विकासको सम्भाव्यता हेरेर मात्र उद्यम विकासको कार्यक्रमहरू शुरु गरिन्छ ,गाँउपालिका स्तरीय नयाँ उद्यमि सृजना तथा विविध कार्यक्रम बाट उद्धम बिकास सहजकर्ता तथा कार्यक्रमको लागि गाँउपालिकाले प्राविधिक सिप विकासका लागि आलु चिप्स तालिम सञ्चालन र मारङगी तेल बनाउने कार्यक्रममा रु ८,०१,३६८ खर्च भएको छ।यसरी पालिकाले नयाँ लघु उद्यमीको सिर्जना कार्यक्रम लघु उद्यम विकास (मेड) मोडेलअनुसुची ९ बमोजिम कार्यक्रमा सञ्चालन गरी कार्यक्रम लाई थप नतिजामुखी बनाउनु पर्दछ ।

१८ **शिर्षक फरक पारि खर्च** (१९३/2082-03-22):

आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७६ को दफा ३९ मा सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमा भित्र रही खर्च गर्नुपर्ने र महालेखापरीक्षकबाट स्वीकृत एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ अनुसार बजेट खर्च लेख्दा तोकिएको खर्च शिर्षकबाट गर्नुपर्ने व्यवस्था छ। कार्यालयले आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद शिर्षक बाट माछापुछ्रे मेडिसिन सप्लायर्स लाई औषधि खरिद मार्फत रु ६३९११४ भुक्तानी गरेको छ र कार्यलयले माछापुछ्रे मेडिसिन सप्लायर्स संग विल नं ११३ र ११४ मिति २०८२।०२।२८ बाट पाँच वटा Steel Cupboard को रु ५*३०००० को १५०००० र एउटा Weight Machine को मुल्य रु ४२०० तथा एउटा Auto Clave Machine मुल्य रु १७००० गरी जम्मा रु १,७१,००० मुल्य बराबर को औषधि बाहेकको सामाग्रि खरिद गरेको पाइएको छ । कार्यालयले औषधि खरिद शिर्षकमा विनियोजित बजेट सोहि शिर्षकमा खर्च गर्नुपर्दछ ।फरक शिर्षकमा खरिद भएको अनियमित रकम रु.

अनियमित भएको	१,७१,०००

१९ **औषधि खरिद**

पालिकालाई आवश्यक पर्ने औषधि खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ।आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा१८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय सर्सत अनुदान बाट रिदान मेडि कन्सर्न तथा माछापुछ्रे मेडिसिन सप्लायर्स सँग रु ८,७०,६८१.४७को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा आवश्यक सूचना पूर्ण रुपमा रहेको छैन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

२० **तलवी प्रतिवेदन**

स्थानीय सेवा (गठन तथा संचालन) नियमावली २०८० को नियम ७४ को उपनियम ४ मा कास्की जिल्ला भित्रका कार्यालयको हकमा प्रदेश किताबखानाबाट र अन्यको हकमा प्रदेश इकाइबाट तलबी प्रतिवेदन पारित गराउनु पर्नेछ । तर प्रदेश किताबखाना स्थापना नहुदाँ सम्म प्रदेश लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराउनुपर्ने व्यवस्था छ।पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ७ जना कर्मचारीको रु.४३,५७,१२७ र पालिकाका १७ जना कर्मचारीको रु१,०५,२६,१००समेत रु.१,४८,८३,२२७खर्च लेखेको छ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२१ **शिक्षक दरवन्दी र पदपूर्ति**

शिक्षक दरबन्दी र पदपूर्ति शिक्षा ऐन, २०२८ को दफा१६ च १ अनुसार जिल्ला शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्ने जस अनुसार हिमालमा ४० विद्यार्थी बराबर १

शिक्षक, पहाडमा ४५ विद्यार्थी बराबर १ शिक्षक र तराई तथा उपत्यकामा ५० विद्यार्थी बराबर १ शिक्षक हुनुपर्ने व्यवस्था गरेको छ । नियमावलीमा प्राथमिक विद्यालयमा शिक्षक एक जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तिमा दुई जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तिमा तीन जना, निम्न माध्यमिक विद्यालयमा चार जना र कक्षा १ देखि ८ सम्म सञ्चालन भएको विद्यालयमा कम्तिमा सात जना शिक्षक रहने व्यवस्था रहेको छ।यस पालिका अन्तर्गत विभिन्न तहका दुई सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

क्र.सं.	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या
१	नार आधारभूत विधालय	६	६	४	३
२	फू आधारभूत विधालय	५	५	३	१

पालिकाको ऐनमा भएको व्यवस्था अनुसार कार्यान्वियन गरेको देखिएन।ऐनको पालनामा ध्यान दिनुपर्ने देखिन्छ।

२२ कुल आम्दानी खर्चमा आन्तरिक आयको हिस्सा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ।आर्थिक वर्ष २०७९।८०,२०८०।८१ र २०८१।८२ मा गरेको खर्च आम्दानीको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

सि.नं	आर्थिक वर्ष	आन्तरिक आय	पालिकाको जम्मा खर्च आम्दानी	आन्तरिक आय प्रतिशत
१	२०८१।८२	२६३२०६३.५	१२,७६,४४,१४७.०१	२.०६
२	२०८०।८१	२०,०८,९८२.१६	११,९९,३१,५५३.७६	१.६७
३	२०७९।८०	७,९८,४३४.८७	१३,४६,२१,८०२.९०	०.५९

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा जम्मा भएको खर्च आम्दानीको तुलनामा आन्तरिक आयको हिस्साको तुलनात्मक अध्ययन गर्दा आन्तरिक आयको प्रतिशत न्युन रहेको र आय प्रतिशतमा वृद्धि भएको छ ।पालिकाले आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२३ राजश्व आम्दानी अभिलेख

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको, २०७७ को नियम ५८ (६) मा कार्यालयमा नगद वा बैंक भौचरको रुपमा प्राप्त भएको राजश्व रकमको अनिबार्य रुपमा आम्दानी रसिद काटी सम्बन्धित खातामा आम्दानी जनाउनु पर्ने व्यवस्था रहेको छ।सोही नियमावलीको नियम नियम ५८ (६) मा नगदै बुझिलिएको राजश्व दैनिक रुपमा राजश्व खातामा जम्मा गरि बैंक दाखिला विवरणमा प्रबिष्ट गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले उपलब्ध गराएको आर्थिक विवरण अनुसार कार्यालयले यस आर्थिक वर्षमा विभिन्न शिर्षकबाट जम्मा रु २६,३२,०६३.५० को आन्तरिक आम्दानी गरेको छ।कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ ।पालिकाले रसिद नियन्त्रण खाता राखी रसिद वितरण गर्नुपर्नेमा रसिद नियन्त्रण खाता नराखेको कारण अधिल्लो आ.व.को बाँकी रसिद संख्या र यस वर्षकोछपाई गरेको रसिद संख्याको सम्वन्धमा यकिन गर्न सकिएन । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा विवरण समेत पालिकामा आएको देखिएन।कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । स्वचालित प्रणाली नहुंदा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम रहन्छ । यसको सम्बन्धमा यस पालिकाकार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण खाता राख्ने र राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन गर्ने तर्फ ध्यान दिनु पर्दछ ।केही उदाहरण निम्न छन ;

क्र.स	वडा नं	रसिद नं		कैफियत
		देखी	सम्म	
१	१ २ ३	१ १०१ १०१ १५१ २०१ २५१	५० नगदि रसिद १२५ मालपोत रसिद १५० मालपोत रसिद २०० मालपोत रसिद २५० मालपोत रसिद ३०० मालपोत रसिद	वडा नं १,२,३को वडा सचिव रिता शर्माबाट पालिकालाई मालपोत रसिद पेश नभएको

२४ **राजश्व व्यवस्थापनः-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको, २०७७ को नियम ५८ (६) मा कार्यालयमा नगद वा बैंक भौचरको रुपमा प्राप्त भएको राजश्व रकमको अनिबार्य रुपमा आम्दानी रसिद काटी सम्बन्धित खातामा आम्दानी जनाउनु पर्ने व्यवस्था रहेको छ । सोही नियमावलीको नियम ५८ (६) मा नगदै बुझिलिएको राजश्व दैनिक रुपमा राजश्व खातामा जम्मा गरि बैंक दाखिला विवरणमा प्रबिष्ट गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले उपलब्ध गराएको आर्थिक विवरण अनुसार यस पालिकाको आन्तरिक आय यो वर्ष रु. २६,३२,०६३।५० रहेको छ । यस कार्यालयले आफ्नो अधिकार क्षेत्रभित्र रहेर पालिका र वडाहरु मार्फत कर शुल्क दण्ड जरिवाना तथा रोयल्टी लगायतका क्षेत्रबाट राजश्व संकलन गर्न छापिएका रसिद काट्ने गरेको र छापिएका रसिदको रसिद नियन्त्रण खाता राख्ने गरेको छैन । यसरी रसिद नियन्त्रण खाता नराख्नाले कुन समयमा कति मात्रामा रसिद छापिएका थिए, छापिएका रसिद ठेलिहरु कति वडा कार्यालयमा पठाईएका र कति ठेलि पालिका कार्यालयमा नैं उपयोग भए सो सम्बन्धमा एकिन गर्न सकिएन । पालिकाले वडा कार्यालयलाई रसिद ठेली उपलब्ध गराउँदा पालिकामा कुनै लिखित रेकर्ड नराखी मागका आधारमा उपलब्ध गराउने गरेको छ। पालिकाले के कति रसिद छापिएका थिए र के कति रसिद काटेर के कति राजश्व संकलन भएको हो सो सम्बन्धमा पालिकाले छानविन गरि एकिन गर्नुपर्दछ । अत: कार्यालयले राजश्व संकलन गर्न सुत्र प्रणालीबाट रसिद प्रिन्ट गरी जारी गर्नुपर्छ । छापिएका रसिद ठेलिहरुको नियन्त्रण गर्न रसिद नियन्त्रण खाता राखि प्रविष्टि गेरर मात्र वडा कार्यलालयहरुमा रसिद ठेली उपलब्ध गराउनु पर्दछ भने संकलित राजश्व समयमै बैंक दाखिला गरी राजश्व ब्यबस्थापन कार्यलाई प्रभावकारी बनाउनुपर्दछ ।

२५ **कर संकलनः-**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

क्र.सं.	आम्दानी शीर्षक	अनुमान	आम्दानी
१	भुमिकर/मालपोत	१,१०,०००।००	३०,८६४।००
२	कृषितथापशुजन्यवस्तुकोव्यावसायिककारोवारमालाग्नेकर	०।००	३००।००
३	अन्यकर	५,५०,०००।००	३५,१५०।००
४	सरकारीसम्पत्तीकोवहालबाटप्राप्तआय	०।००	५५,८००।००
५	अन्यसेवाशुल्कतथाबिक्री	०।००	३,९०,४००।००
६	परीक्षाशुल्क	०।००	१,५००।००
७	अन्यप्रशासनिकसेवाशुल्क	०।००	८,६२,०१०।००
८	सिफारिशदस्तुर	०।००	१,५६,९७५।००
९	व्यक्तिगतघटनादर्तादस्तुर	०।००	३,२००।००
१०	नाताप्रमाणितदस्तुर	०।००	३,५००।००
११	अन्यदस्तुर	०।००	५,३५,८५०।००
१२	व्यवसायकर	०।००	५,०००।००
१३	बेरूजू	०।००	५,५१,५१४।५०
	जम्मा	६,६०,०००।००	२६,३२,०६३।५०

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष अनुमानको तुलनामा ३०३।३४ प्रतिशत बढी आन्तरिक आय संकलन गरेको देखिन्छ । पालिकाले स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था अनुसार राजस्व स्रोतको अनुमानलाई यथार्थपरक बनाउन र संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउन आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

२६ **कार्यालय सञ्चालन खर्चः**

२६.१ **आन्तरिक आय र प्रशासनिक खर्चको अनुपातः-** स्थानीय संचितकोष व्यवस्थापन प्रणालीको आय व्यायको विवरण अनुसार यो वर्ष गाउँपालिकाको कूल आन्तरिक आय रु.२६,३२,०६३।५० देखिन्छ भने प्रशासनिक (चालु) खर्च रु.५,५४,४५,०९४।५७ रहेको छ । यसरी आन्तरिक आय र प्रशासनिक (चालु) खर्च वीचको अनुपात अर्थात प्रशाशनिक खर्च आन्तरिक आयको तुलनामा २१।०६ गुना वढी रहेको छ। साथै गाउँपालिकाको यो वर्षको कुल जम्मा खर्च रु १२,७६,४४,१४७।०१ रहेकोले उक्त खर्च आन्तरिक आयको ५८।४९ गुणा बढी रहेको छ। स्थानीय निकायलाई आर्थिक रुपले समेत पूर्ण आत्मनिर्भर हुने अभिप्रायवाट आर्थिक अधिकार समेत उपलव्ध गराइ स्थानीय सरकारको रुपमा स्वायत्ता प्रदान गरेको छ। सोही वमोजिम गाउँपालिकाले संविधान तथा कानून अनुसार हस्तान्तरण भएको कार्यजिम्मेवारी र जवाफदेहितालाई कुशलता पूर्वक निर्वाह गर्न आन्तरिक स्रोत साधनको परिचालनमा ध्यान दिनु पर्दछ। यसको लागि कानून बमोजिम अधिकार प्राप्त क्षेत्र र विषयका करको आधारको खोजी गर्दे सेवाको आधुनिकीकरण तथा नयाँ सेवाको विस्तारबाट सेवा शूल्क आर्जनमा विशेष जोड दिनुपर्दछ।

२६.२ **खरिद योजना तथा इकाईः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढि रकमको खरीद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र बार्षिक खरीद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद ईकाई गठन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष बार्षिक खरिद योजना तयार गरेको छैन । बर्षभरी कुन कुन सामान कति परिमाणमा आवश्यक पर्ने, कति सामान कहिले खरीद गर्ने र त्यसको उपयुक्त खरीद प्रकृया विधि के हुने जस्ता खरिद व्यवस्थापनका महत्वपूर्ण पक्षहरु सहितको योजना कार्यान्वयन नहुदा आवश्यकता बमोजिम खरीद गर्दै गएको एवं सार्वजनिक खरीद ऐन र नियमावलीको विपरित तोकिएको सीमा नाघ्न गई खरीद नियम तथा विधी विपरित हुन गएको, खरिद

प्रक्रियामा सबैलाई सहभागी हुने समान अवसर सुनिश्चितता नदेखिएकोले कार्यालयले खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । खरिद इकाई गठन नहुँदा सोझै खरिद जस्ता विभिन्न खरिद कार्यको कमि कमजोरी हटाउने तथा मालसामान, खरिद तथा निर्माण कार्य, परामर्श सेवा र अन्य सेवाको खरिदको गुणस्तर अभिवृद्धि गरी सोसम्वन्धी जिम्मेवारी बहन गराउन कठिन हुन्छ। तसर्थ व्यवस्थित खरिद कार्यको लागि खरिद इकाईलाई प्रभावकारी वनाउन कार्यालयले ध्यान दिनु पर्दछ ।

२६.३ **सोझै खरिदः**- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद गर्न नहुने र खरिद नियमावली, २०६४ को नियम ८४ मा रू.१० लाखदेखि २० लाख रुपैयाँ सम्मको सामान सिलबन्दी दरभाउपत्र र सो भन्दा बढीको सामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै खरिद नियमावली २०६४ को नियम ३ मा सामान खरिद गर्नु अगाडी सामानको आवश्यकता, खरिद प्याकेज , खरिद विधि लगायतको विषयको पुर्व तयारी गर्नुपर्ने व्यवस्था छ। पालिकाले मसलन्द तथा कार्यालय सामाग्री शिर्षकमा खरिद सम्बन्धी कुनै तयारी तथा खरिद योजना नबनाइ कर्मचारीहरुले पटक पटक बजार बाट रु २०,००,०००।०० बजेट विनियोजन भएको मध्ये रु १८,५४,०३५।०० को खरिद गरेको छ । आवश्यकता पहिचान गरी ऐनको ब्यबस्था बमोजिम प्रतिस्पर्धाको माध्यमबाट खरिद गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२६.४ **मर्मत सम्भारः**- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६ मा सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत गर्नुपर्ने भए लागत अनुमान स्विकृत गराई मालसामानको आफ्नै वर्कसप र मर्मत केन्द्र भए सार्वजनिक निकायले त्यस्तो मालसामानको मर्मत त्यस्तो बर्कसप वा सवारी साधन तथा मेशिनरी औजारको आधिकारीक बिक्रेताको मर्मत केन्द्रवाट गराउनुपर्ने ब्यबस्था छ । यस बर्ष पालिकाले सवारी साधन मर्मत खर्च रु ४,५९,१२९।७७ र मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च रु ४,२२,६६६।०० जम्मा मर्मत सम्भार शिर्षकमा रु.८,८१,७९५।०० खर्च लेखेको छ । यस्तो खर्चमा नियमावलीको प्रकृया वमोजिम लागत अनुमान स्विकृत गरी सवारी साधन तथा मेशिनरी औजारको आधिकारीक बिक्रेताको बर्कसप वा मर्मत केन्द्रवाट मर्मत गराएको देखिएन । खर्चमा मितव्ययीता र नियमको पालना तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

२६.५ **सफ्टवेयर खरिद र परिचालनः**- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यकताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गर्नुपर्छ।पालिकाले सूचना प्रणाली सफ्टवेयर सञ्चालन तथा भिलेज प्रोफाइलको नियमित व्याकअप सुरक्षा बाफत यो वर्ष रु.९८०००।०० खर्च गरेको देखियो। भिलेज प्रोफाइल सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको छ।यसरी बाह्य परामर्श दातामा निर्भर रहेमा गोपनियताको जोखिम र अनियन्त्रित खर्च नियन्त्रण हुने कार्यलाई ध्यान दिई सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसँग आबद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

२७ **कर्मचारी प्रोत्साहन भत्ताः-**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१,००९,६८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

२८ **मालसमान खरिदः-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिमको लागत अनुमान तयार गर्नुपर्ने र दफा ८(२) मा यस ऐन बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु.२० लाख सम्म लागत अनुमान भएको मालसामान खरिद सिलबन्दी दरभाउपत्र तथा सो भन्दा बढी लागत अनुमान भएको खरिद खुला बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । पालिकाले तुलनात्मक

तालिका तयार नगरी सामानहरु खरिद गर्ने गरेको र नियमावली विपरीत प्रतिष्पर्धा सिमित हुनेगरी टुक्रा टुक्रा पारी खरिद गर्ने कार्यलाई नियन्त्रण गरिनु पर्दछ ।

क्र.स.	गो.भौ.न.	भुक्तानी पाउने	विवरण	रकम रु
१	३१२। २०८२/०२/१३	युना ट्रेडर्स	कार्यालयका लागि आवश्यक प्रोजेक्टर, प्रिन्टर तथा अन्य कार्यालय सामाग्री खरिद	२,८८,४६२।००
२	३१९। २०८२/०२/१३	स्टार अफिस इन्टरनेशनल	कार्यालयका लागि आवश्यक ल्यापटप र अन्य सामाग्रीहरु खरिद	१,८७,५८०।००
३	३२१। २०८२/०२/१३	ब्रम्ह शक्ति ट्रेड कन्सर्न	कार्यालयमा आवश्यक मसलन्द सामाग्री खरिद	६,२४,३०८।००
			जम्मा	११,००,३५०।००

२९ **भ्रमण अभिलेख:-**

भ्रमण खर्च नियमावली२०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्ला भित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष अनुगमन, मूल्यांकन खर्च, भ्रमण खर्च तथा प्रशासनीक भ्रमण खर्च, जनप्रतिनिधि भ्रमण तथा अवलोकन कार्यक्रम र विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च शिर्षकवाट रु ३१ लाख ०८ हजार खर्च लेखेको छ। तर भ्रमणको उद्धेश्य अनुगमन तथा भ्रमण अभिलेख दुरीको विवरण आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन ।दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा भत्ताको दर, बिल, टिकट लगायत कानूनको पालना, खर्चमा मितव्ययिता र भ्रमण किफायती हुनुपर्ने बिषयमा ध्यान दिनुपर्ने देखिन्छ।

३० **विविध खर्चः-**

म.ले.नि.का को प्रकाशित एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार विविध खर्च शिर्षकबाट बार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शिर्षकमा नपरेका खर्च नियमानुसार गरी विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ । पालिकाको विविध खर्च शिर्षकमा यस वर्ष रु. ७,१९,१०७।०० खर्च गरेको छ । खर्च संकेतको वर्गीकरणमा उल्लेख भए अनुसार खर्च पुष्टि हुने प्रमाण कागजात संलग्न गरेको देखिदैन । यस्ता खर्चका प्रत्येक बिलमा खर्चको मापदण्ड समेत विचार गरी कुन कार्यक्रम वा समारोहमा के कति खर्च भएको हो पुष्टि हुने उपस्थिति लगायतका प्रमाण संलग्न गर्नुपर्दछ । प्रत्येक खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरि यस्तो खर्चमा नियन्त्रण तथा मितव्ययिता ल्याउनुपर्दछ ।

३१ **ढुवानी खर्चः-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ (४) र सोही नियमावलीको नियम १४८ अनुसारको दररेट निर्धारण समितिले निर्धारण गरेको दर रेटलाई आधार मानेर ढुवानीको लागत अनुमान तयार गरी सोलाई आधार मानेर सार्बजनिक खरीद कानूनले तोकेको प्रक्रिया अपनाई प्रतिस्पर्धाबाट ढुवानी गर्नु गराउनु पर्ने व्यवस्था रहेको छ । यस गाउँपालिकामा सडक सुविधाको पहुँच नभएको हुँदा मनाङ्ग जिल्लाको चामे र जिल्लाका अन्य स्थानबाट यस नार्पाभूमि गाउँपालिका र यस अन्तर्गतका वडा कार्यालयहरुसम्म कार्यालयलय सम्बन्धि विभिन्न मालसामानहरु ढुवानी गर्न रु १६७४८२६।०० खर्च लेखेको छ । खच्चड तथा भरियाबाट ओसार पसार गरिएको अबस्थामा एकमुष्ट रुपमा एकै समयमा प्रतिस्पर्धाको आधारमा ओसार पसार गर्नुपर्दछ। सो नगरि पटक पटक गरिएको खर्चले मितव्यायिता कायम भएको अवस्था रहेन। पालिकाले यस्ता खर्चमा मितव्ययिता कायम हुने विषयमा ध्यान दिनुपर्छ । यो वर्ष गरिका खर्चका उदाहरणहरु देहाय अनुसार रहेका छन्

क्र.सं	गो. भौ . नं / मिति	विवरण	रकम रु
१	२४१।२०८२/०१/१२	गा पा को सामान खच्चर र भरिया बापत ढुवानी गरेको	९५,४६०।००
२	३२२।२०८२/०२/१४	कार्यालयको फर्निचर तथा मसलन्द सामाग्री ढुवानी	३,३०,०००।००
३	३७६।२०८२/०३/०८	कार्यालयको कामका लागि आवश्यक सामान भरिया ढुवानी बापत	५,७६,०००।००
४	४६८।२०८२/०३/२४	कार्यालयको सामान खच्चर मार्फत ढुवानी गरे	९४,२०६।००

३२ **सम्भाव्यता अध्ययन/डी.पी.आरः-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा यो वर्ष बस्ती विकास च्याखु र मेता(DPR), छ्या छ्या ब्रिज Project feasibility study र पर्यटन गुरु योजना (DPR) कार्यमा कुल रु. ३६,५७,६२१।०० खर्च गरेको छ। यसरी उल्लेखित कार्यहरु गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। डी.पी.आर.को कुल खर्च मध्ये बस्ती विकास च्याखु र मेता डी.पी.आरका लागि मात्र गो.भौ.न.४३५।२०८२/०३/२३ बाट रु १९,७८,४४१।०० खर्च गरेको छ। यस्ता सम्भाव्यता अध्ययन/डी.पी.आर तथा प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत पालिकाले ध्यान पुर्‍याएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्‍याउनु पर्दछ।

३३ **प्रमाण पेश नगरेकोः**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **७२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३४ **ठे.नं. ०१।०८१।८२:-**

३४.१ वागल खोला तटवन्धन निर्माण कार्यको लागि पालिका र एक निर्माण व्यवसायी वीच कवोल अंक रु ६५,०६,७८३।४८ (मू.अ.कर समेत) को मिति २०८२।०३।२१ मा काम सम्पन्न गर्ने गरी मिति २०८१।०८।१७ मा सम्झौता भएको छ । यस निर्माण कार्यको प्रथम तथा अन्तिम विल वापत विजक नं. ०८।०८२।०३।१५ वाट रु ६३,१९,०९०।०० भुक्तानी भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ ।

क . स्वीकृत कार्यक्रम विपरीत खर्च: गो.भौ. १२।०८२।०३।२३ : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(७) मा नेपाल सरकार वा प्रदेश सरकारले विशेष कार्यक्रमकालागि अनुदान प्रदान गरी सो कार्यान्वियन गर्न प्रक्रिया निर्धारिण गरेकोमा पालिकाले सोही प्रक्रिया वमोजिम सो कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । विशेष अनुदान सम्वन्धी कार्यविधि, २०८१ को वुदाँ नं. १२ मा विशेष अनुदान अन्तर्गत सञ्चालन हुने गरी छनोट भएको आयोजना वा कार्यक्रम र क्रियाकलाप हेरफेर गर्न नहुने व्यवस्था छ ।

आर्थिक बर्ष २०८१/८२ को नीति, बजेट तथा कार्यक्रमको संकेत नं. ५२८.२१.१.२२७ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) पुँजीगतमा वागल खोलामा RCC तटवन्ध निर्माण कार्यकोलागि रु १,१५,००,०००।०० विनियोजन भएकोमा यस पालिकाले कार्यक्रम विपरित वागल खोलामा PCC तटवन्ध निर्माण कार्य गरेको छ । यस निर्माण कार्यको लागि रु ६३,१९,०९०।०० भुक्तानी भएको छ । निर्माण कार्य गर्दा वलियो संरचना निर्माण गरी कामको दिगोपना गर्नेतर्फ कार्यक्रम विनियोजन भएकोमा पालिकाले सोतर्फ ध्यान नदिई वार्षिक स्वीकृत कार्यक्रम विपरीत निर्माण कार्य गरेको नियम सम्मत नभएको रु.

अनियमित भएको	६३,१९,०९०

३४.२ **ख . लागत अनुमान:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने र नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यका लागि स्वीकृत नर्म्स र जिल्ला दररेटका आधारमा लागत अनुमान तयार गर्नुपर्ने तथा नियम १०(३) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले मालसामान स्थलगत रुपमा उपलब्ध हुने नहुने अध्ययन गर्नुपर्ने व्यवस्था छ । यस निर्माण कार्यको लागत अनुमान रु १,११,१०,१४३।१९ (मू.अ.कर समेत) रहेको छ । लागत अनुमान तयार गर्दा निर्माणस्थलमा निर्माण सामग्री उपलब्ध हुनसक्ने विषयमा विचार गरेको देखिएन । निर्माण कार्यको लागत अनुमान तयार गर्दा वालुवा, ढुंगा, गिट्टी निर्माणस्थलमा उपलब्ध हुन सक्ने विषयलाई विचार गरेर लागत अनुमान तयार गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

३५ **नारगाउँ लघुजलविद्युत आयोजना**

नार गाउँ लघु जलविद्युत कुलो निर्माण कार्यको लागि नार गाउँ लघुजलविद्युत उपभोक्ता समिति र पालिका वीच रु ३२,७४,६०६।४१ को लागत अनुमानमा पालिकाले रु ३१,००,०००।००(कन्टिन्जेन्सी रु १,२४,०००।०० समेत) व्यहोर्ने र उपभोक्ताले व्यहोर्ने रु २,९८,६०६।४१(९.१२%) गरी मिति २०८२।२।३० मा काम सम्पन्न गर्नेगरी मिति २०८१।६।१६ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ ।

३५.१ (✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१९,२२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३५.२ **ख . नाफामूलक लघुजलविद्युत आयोजनामा खर्च:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तवरले गर्नुपर्ने व्यवस्था छ ।पालिकाले नाफाको उद्देश्यवाट सञ्चालन भएको लघुजलविधुत आयोजनामा लगानी गरेको छ । गाउँपालिकाले लघुजलविद्युत आयोजनामा लगानी गरेको रकम रु २०,५५,४६९।०० वरावरको स्वमित्व कायम गरी आम्दानी प्राप्त गर्ने तर्फ ध्यान दिनुपर्दछ । यस किसिमको लगानी गर्दा परियोजनाको लाभ/लागत गणना गरी प्रतिफलजन्य योजनामा शेयर हिस्सा प्राप्त गर्ने गरी गर्नुपर्दछ । नाफाको उद्वेश्य लिई सञ्चालनमा रहेको नार गाउँ लघुजलविद्युत आयोजना लाई कुलो निर्माण र मर्मतकोलागि रकम निकासा दिई खर्च गर्ने कार्य उचित भएन । यसरी नाफामूलक संस्थामा भएको लगानीको प्रतिफलको हिस्सा पालिकाले प्राप्त गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

यस नार लघु जलविद्युत आयोजना मर्मत कार्यको लागि खानेपानी, जलश्रोत तथा सिंचाई विकास सव-डिभिजन कार्यालय, मनाङ्गवाट रु ९,०९,१८१।०० खर्च भएको छ । यस कार्यको समन्वयकालागि कार्यालयवाट र पालिकावाट समेत कुनै पत्राचार भएको छैन । अन्तर सरकारी समन्वय गरी काममा दोहोरोपना नहुने सुनिश्चित गरेर मात्र काम गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

३६ **नर्म्सको प्रयोग:**

गो.भौ. १०८।०८२।०३।२० सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने र नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यका लागि स्वीकृत नर्म्स र जिल्ला दररेटका आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । तेरिलाको ट्र्याक ओपन पैदलमार्ग निर्माण कार्यको लागि पालिका र तेरिलाको ट्र्याक ओपन पैदलमार्ग निर्माण उपभोक्ता समिति वीच रु १०,५६,६९८।५० को लागत अनुमानमा पालिकाले रु ९,६०,०००।०० (कन्टिन्जेन्सी रु ४०,०००।०० वाहेक) व्यहोर्ने र

उपभोक्ताले व्यहोर्ने रु ९६,६९८।०० (९.१५%) गरी मिति २०८२।३।१० मा काम सम्पन्न गर्नेगरी मिति २०८१।०६।१७ मा सम्झौता भएको छ । यस कार्यको प्रथम तथा अन्तिम विल वापत उपभोक्ता समितिलाई रु ९,०९,५८०।०० भुक्तानी भएको छ ।

यस निर्माण कार्यकोलागि लागत अनुमान तयार गर्दा सडक खन्ने कार्यकोलागि सडक विभागको नर्म्स प्रयोग गरेको छ भने Dry Stone Masonry कार्यको लागि शहरी विकास तथा भवन निर्माण विभागको नर्म्स प्रयोग भएको छ । एउटा कार्यको लागि छुट्टा छुट्टै नर्म्सको प्रयोग गर्ने कार्य उचित भएन । सडकको विभागिय नर्म्स अनुसार सडक खन्दा स्थलगत रुपमा उपलब्ध हुने ढुङ्गाको पुन प्रयोग हुने अवस्था भएमा ५०% लागत घटाई लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । एउटै कार्यको लागि फरक फरक नर्म्स प्रयोग गर्दा निम्नानुसार वढी आर्थिकभार पर्ने गरी गरेको कार्य नियम सम्मत नभएको रु......

आइटम	सडकको नर्म्स अनुसारको दर	कायम भएको दर	वढी दर	काम भएको परिमाण	थप आर्थिक भार रु	कैफियत
Roadway Excavation in all types of soil	१०७६.३५	१०७६.३५	०	६३४.१ m3	०	सडकको नर्म्स प्रयोग भएको
Dry Stone Masonry	४७९८	६७६०	१९६२.	२९.३७ m3	५७६२३.९४	शहरी विकास तथा भवन निर्माण विभागको नर्म्सको प्रयोग भएको
Roadway Excavation in ordinary rockS	१२३९.४३	१२३९.४३	०	१०१.०३ m3	०	सडकको नर्म्स प्रयोग भएको
जम्मा					५७६२३.९४	

अनियमित भएको	५७,६२३

३७ **नर्म्सको प्रयोग:**

गो.भौ. १२२।२०८२।०३।२० सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने र नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यका लागि स्वीकृत नम्स र जिल्ला दररेटका आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । झुनामदेखि च्याँखु जाने बाटो निर्माण कार्यको लागि पालिका र झुनामदेखि च्याँखु जाने बाटो निर्माण उपभोक्ता समिति वीच रु १०,५६,३३९।३९ को लागत अनुमानमा पालिकाले रु ९,६०,०००।०० (कन्टिन्जेन्सी रु ४०,०००।०० वाहेक) व्यहोर्ने र उपभोक्ताले व्यहोर्ने रु ९६,३३९।३९ गरी मिति २०८२।०३।१० मा काम सम्पन्न गर्नेगरी मिति २०८१।०६।१७ मा सम्झौता भएको छ । यस कार्यको प्रथम तथा अन्तिम विल वापत उपभोक्ता समितिलाई रु ९,०३,०७५।०० भुक्तानी भएको छ ।

यस निर्माण कार्यकोलागि लागत अनुमान तयार गर्दा सडक खन्ने कार्यकोलागि सडक विभागको नर्म्स प्रयोग गरेको छ भने Dry Stone Masonry र Dry stone filling & compaction in foundation कार्यको लागि शहरी विकास तथा भवन निर्माण विभागको नर्म्स प्रयोग भएको छ । एउटा कार्यको लागि छुट्टा छुट्टै नर्म्सको प्रयोग गर्ने कार्य उचित भएन । एउटै कार्यको लागि फरक फरक नर्म्स प्रयोग गर्दा निम्नानुसार वढी आर्थिकभार पर्ने गरी गरेको कार्य नियम सम्मत नभएको रु......

आइटम	सडकको नर्म्स अनुसारको दर	कायम भएको दर	वढी दर	काम भएको परिमाण	थप आर्थिक भार रु	कैफियत
Roadway Excavation in all types of soil	१०७६.३५	१०७६.३५	०	३७९.२ m3	०	सडकको नर्म्स प्रयोग भएको
Dry Stone Masonry	३६४८	४५६०	९१२	११८.६२ m3	१०८१८१.४४	शहरी विकास तथा भवन निर्माण विभागको नर्म्सको प्रयोग भएको
Stone filling and compaction	१२३९.४३	१२३९.४३	०	२४ m3	०	सडकको नर्म्स प्रयोग भएको
जम्मा					१०८१८१.४४	

अनियमित भएको	१,०८,१८१

३८ **योजनाको अध्ययन र वजेट:**

योजनाको अध्ययन र वजेट : गो.भौ. ४३३।०८२।०३।२३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १०(१.ख) मा वजेट विनियोजन सम्वन्धि व्यवस्था रहेको छ । आगामी आर्थिक वर्षको लागि बजेट प्रस्ताव गर्दा नयाँ योजना तथा कार्यक्रमको लागि पूँजीगत प्रकृतिको भए स्वीकृत सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा आगामी बर्ष खर्च हुन सक्ने रकमको प्राविधिक र आर्थिक पुष्टयाई सहित प्रस्ताव गर्नुपर्ने र दफा १०(१.घ) मा आयोजना तथा कार्यक्रमको लागि बजेट प्रस्ताव गर्दा बढी प्रतिफल वा उपलब्धि प्राप्त हुने , तुलनात्मक लाभ वढी भएका र सामाजिक लाभ उच्च भएका आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुपर्ने व्यवस्था रहेको छ ।

Preparation of tourism master plan and detail project report of at Narpha Bhumi Rural Municipality कार्यको लागि पालिका र स्पाइनल ग्रिड सोलुसन प्रा. लि. वीच कवोल अंक रु ११,८५,९३५।०० को सम्झौता भएको ८ हप्ताभित्र काम सम्पन्न गर्नेगरी मिति २०८२।०१।१४ मा सम्झौता भएको छ । यस कार्यको लागि रु ११,८५,९३५।०० भुक्तानी भएको छ ।

यस कार्यालयले आ.व. २०८१।८२ को वजेट तथा कार्यक्रमको लागि कार्यालयवाट योजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा उक्त योजनाका लागि आ.व. २०८२।८३ को वार्षिक कार्यक्रममा यस निर्माण कार्यको लागि कुनै रकम विनियोजन भएको छैन । योजनाहरुको अध्ययन गर्ने तर कार्यान्वियनको क्रममा वजेट विनियोजन नगर्नाले उद्देश्य अनुसारको प्रतिफल प्राप्त हुने देखिदैन् । अध्ययन गरिएका कार्यक्रमहरुमा पर्याप्त वजेट विनियोजन गरी समयमा काम सम्पन्न गराउनेतर्फ सम्वन्धित पक्षले ध्यान दिनुपर्दछ ।

विस्तृत परियोजना प्रतिवेदन तयार गरी पर्यटन गुरुयोजना निर्माणको लागि वजेट विनियोजन नहुदाँ प्रतिवेदन तयारीका लागि भएको खर्च उपलब्धिमूलक देखिएन । यस्तो कार्यमा सुधार हुनुपर्दछ ।

३९ **विज्ञापन बोर्ड दस्तुर**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२,६६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१५०** सम्परीक्षण

गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१,८६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२,९४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४० **सामाजिक सुरक्षाः**

४०.१ **निष्कृय खाता तथा लगत कट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ (५) अनुसार सामाजिक सुरक्षा खाता सञ्चालन गर्ने वैंकले खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र दिनुपर्ने र कार्यविधिको दफा २६ (३) अनुसार लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भूक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गर्नुपर्दछ ।

४०.२ **पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ बमोजिम स्थानीय तहले सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको अभिलेख फोटो सहितको मुल अभिलेख नियमावलीको अनुसूची ३ बमोजिम लक्षित वर्ग अनुसार छुट्टाछुटै विद्युतीय रुपमा अद्यावधिक गरी वडा कार्यालयमा राख्नुपर्ने र वडागत अध्यावधिक सम्बन्धि स्थानीय तहले एकीकृत रुपमा राख्नुपर्ने व्यवस्था छ । सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने र रकम भुक्तानी गरेको तथा बुझि लिने व्यक्तीको नामावली स्थानीय तहका अतिरिक्त सम्बन्धित वडा कार्यलयमा समेत सार्वजनिक गर्ने व्यवस्था छ । स्थानीय तहले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण वेभसाइटमा सार्वजनिक गरेको छैन ।

४०.३ **लगत कट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १०(२) बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको मूल अभिलेख राख्नुपर्ने सो अभिलेखबाट प्रत्येक वर्ष मृत्यु भएका तथा वसाई सरेका तथा अन्य कुनै पनि कारणले भत्ता नपाउने लाभग्राहीको लगत कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो घटनाको सम्बन्धमा आवश्यक पहलकदमि नगरेको हुदा त्यस्ता व्यक्तिको नाममा सामाजिक सुरक्षा भत्ता खर्च भए नभएको यकिन गर्न सकिएन । साथै भत्ता पाउने लाभग्राहीले सोही आर्थिक वर्षभित्र रकम बुझिसक्नु पर्ने व्यवस्था रहेको छ । पालिका अन्तर्गत ८ जना लाभग्राहीको जम्मा रु.८६२७७९।६० सामाजिक सुरक्षा भत्ता रकम बुझेको नदेखिएकोले छानविन गरी सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ ।

संपरीक्षणबाट थप भएको बेरुजू

क्र.सं.	बेरुजुको विवरण	रकम
१	अर्थमन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०७७ को ७.१.५ मा खर्चमा मितब्ययिता कायम गर्ने सम्बन्धमा सार्वजनिक निकायमा कार्यरत पदाधिकारी वा कर्मचारीलाई प्रदान गरिदै आएको पोशाक खर्च महँगी भत्ता र स्थानीय भत्ता बाहेकका प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरे बापतको भत्ता जोखिम भत्ता विशेष भत्ता खाना वा खाजा खर्च लगायत कुनै प्रकारको भत्ता प्रदान गरिने छैन भन्ने स्पष्ट व्यवस्था छ । त्यस्तै नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारी बनाउने मापदण्ड, २०७८ को दफा ३(२) मा सरकारी कोषबाट वितरण गरिने सबै प्रकारका भत्ता तथा सुविधाहरू दोहोरो पर्नेगरी वितरण नगरिने र बुँदा ११ मा प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरेको भत्ता, जोखिम भत्ता, विशेष भत्ता र खाजा खानालगायतका कुनै प्रकारका भत्ता प्रदान नगर्ने उल्लेख छ । पालिकाले नार्पाभूमि गाउँपालिका कर्मचारि प्रोत्साहन भत्ता कार्यविधि, २०८२ अनुसार पालिकाका ३८ जना कर्मचारीलाई रु.१००९६८४।- प्रोत्साहन भत्ता दिएको छ । पालिकाले कार्यसम्पादन सूचक समेतको आधारमा यस्तो खर्चलाई व्यवस्थित गर्नुपर्दछ ।	०

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : नार्पा भूमि गाउँपालिका, मनाङ , नार्पा भूमि गाउँपालिका , मनाङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	शुशिल लम्साल	२०८१-६-६	हाल सम्म कार्यरत
लेखा प्रमुख	रुपा वली के सी	२०८१-६-१४	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२६,८५३	७,६६५,५७८	७२,०००	०	०	०
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					७,७६४,४३१
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					१,१०८,५३७
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					६,६५५,८९४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१२६३९९५८९.४७	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	१०७१६२०००	चालु खर्च	५५४४५०९४.५७
प्रदेश सरकारबाट अनुदान	८४९१९००.०	पूँजीगत खर्च	७२१९९०५२.४४
राजश्व बाँडफाँट	४५२११६०२.१४	वित्तीय/अन्य व्यवस्था	२७७५००८५.९१
आन्तरिक आय	२६३२०६३.५		
अन्य आय	५३८०८४८.८३		
कुल आय	१६८८७८४१४.४७	कुल खर्च	१५५३९४२३२.९२
बाँकी मौज्दात		१३९८८३७७१.०२	

अनुसूची - २

सि.नं	लेखापरीक्षण	लेखापरीक्षण गरएका विषय
1	कृषि तथा पशुतर्फ	कृषि तथा पशुतर्फ
2	कण्टिन्जेन्सी खर्च	खर्च परीक्षण
3	**DPR** खर्च	खर्च परीक्षण
4	शिक्षा तर्फ	शिक्षातर्फ
5	स्वास्थ्यतर्फ	स्वास्थ्यतर्फ
6	ठेक्का तथा प्रस्ताव व्यवस्थापन	ठेक्का व्यवस्थापन
7	आन्तरिक आयतर्फ	आन्तरिक आयतर्फ
8	सामाजिक सुरक्षा	सामाजिक सुरक्षातर्फ
9	खरिद व्यवस्थापन	खरिद व्यवस्थापन
10	अमानत, उपभोक्ता समिति र गैरसरकारी संस्थाबाट कार्य गराउने।	उपभोक्ता समिति मार्फत कार्य
11	चालु तथा प्रशासनिक खर्च	चालु तथा प्रशासनिक खर्च
12	पदाधिकारी सुविधा	चालु तथा प्रशासनिक खर्च
13	विविध खर्च	चालु तथा प्रशासनिक खर्च
14	संगठनात्मक व्यवस्था (दरबन्दी र पदपूर्ति)	सङ्गठनात्मक तथा व्यवस्थापकीय पक्ष
15	संघ र प्रदेशबाट प्राप्त सशर्त लगायत अनुदान (अख्तियारी तथा अन्य कार्यक्रम)	अनुदान
16	सफ्टवेयर खरिद र सञ्चालन खर्च	खर्च परीक्षण

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२								
प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		४,४०,८१,४०८.१२	०	४,४०,८१,४०८.१२	३,७२,७४,२३०.९४	०	३,७२,७४,२३०.९४
१३०००	अनुदान		९,२७,८९,५४८.६३	०	९,२७,८९,५४८.६३	९,६३,०६,३२०.६४	०	९,६३,०६,३२०.६४
१४०००	अन्य राजस्व		३२,१०,७४३.००	०	३२,१०,७४३.००	२७,६०,०६६.९५	०	२७,६०,०६६.९५
१५०००	विविध प्राप्ति		५,५१,५१४.५०	०	५,५१,५१४.५०	२,८२,३८८.००	०	२,८२,३८८.००
क	कुल जम्मा प्राप्ति		१४,०६,३३,२१४.२५		१४,०६,३३,२१४.२५	१३,६६,२३,००६.५३		१३,६६,२३,००६.५३
३	चालु		५,५४,४५,०९४.५७	०	५,५४,४५,०९४.५७	४,८९,६९,०७६.७६	०	४,८९,६९,०७६.७६
२१०००	पारिश्रमिक / सुविधा		२,५४,०३,७१७.६५	०	२,५४,०३,७१७.६५	२,५७,४८,१०५.७६	०	२,५७,४८,१०५.७६
२२०००	मालसामान तथा सेवाको उपयोग		२,००,३७,५१९.९५	०	२,००,३७,५१९.९५	२,०१,७६,१३२.००	०	२,०१,७६,१३२.००
२६०००	अनुदान		७६,१३,७८१.९७	०	७६,१३,७८१.९७	०	०	०
२७०००	सामाजिक सुरक्षा		३,०८,२३९.००	०	३,०८,२३९.००	७,५३,७४०.००	०	७,५३,७४०.००
२८०००	अन्य खर्च		२०,८१,८३६.००	०	२०,८१,८३६.००	२२,९१,०९९.००	०	२२,९१,०९९.००
४	पूंजीगत		७,२१,९९,०५२.४४	०	७,२१,९९,०५२.४४	७,०९,६२,४७७.००	०	७,०९,६२,४७७.००
३१११०	भवन तथा संरचना		३,२१,६४०.००	०	३,२१,६४०.००	१,२२,९१,२३७.००	०	१,२२,९१,२३७.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		५०,७७,४५१.१६	०	५०,७७,४५१.१६	१९,७७,०४०.००	०	१९,७७,०४०.००
३११३०	अन्य पूँजीगत खर्च		१८,६५,९०८.२०	०	१८,६५,९०८.२०	२८,५०,८५०.००	०	२८,५०,८५०.००
३११५०	सार्वजनिक निर्माण		५,६४,५२,४०५.०८	०	५,६४,५२,४०५.०८	४,२४,४२,९०९.००	०	४,२४,४२,९०९.००

३११६०	निर्मितसरचनाको सुधार खर्च		८१,६६,६१६.००	०	८१,६६,६१६.००	४९,६८,१२९.००	०	४९,६८,१२९.००
३११७०	पूँजीगत सुधार खर्च		३,१५,०३२.००	०	३,१५,०३२.००	६३,८३,६०३.००	०	६३,८३,६०३.००
३१४१०	जग्गाप्राप्ति खर्च		०	०	०	४८,७०९.००	०	४८,७०९.००
ख)	कुल जम्मा भुक्तानी		१२,७६,४४,१४७.०१		१२,७६,४४,१४७.०१	११,९९,३१,५५३.७६		११,९९,३१,५५३.७६
ग)	बचत /कमी (ग = क-ख)		१,२९,८९,०६७.२४		१,२९,८९,०६७.२४	१,६६,९१,४५२.७७		१,६६,९१,४५२.७७
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		३,६७,०४८.२९		३,६७,०४८.२९	(५,४५,५३९.५०)		(५,४५,५३९.५०)
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		५,१७०.००		५,१७०.००			
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		१,३३,५६,११५.५३		१,३३,५६,११५.५३	१,६१,४५,९१३.२७		१,६१,४५,९१३.२७
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		१२,६३,९९,५८९.४७		१२,६३,९९,५८९.४७	१०,८७,५३,६७६.२०		१०,८७,५३,६७६.२०
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		१३,९७,५५,७०५.००		१३,९७,५५,७०५.००	१२,४८,९९,५८९.४७		१२,४८,९९,५८९.४७

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।

- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।

- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।

- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।

- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्ने सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।

- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।

- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।

- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक सख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।

- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर

भुक्तानी दिनुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।